# बढ्दो चुनावी माहोल (साउन १७-भदौ १५, २०७०)

**भुवन केसी/तिलक पाठक**

**प्रकाशित मिति : भदौ २०, २०७० (September 5, 2013)**

सत्ताका सहयोगी दलहरु एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा तथा सरकारसँग असन्तुष्ट भइ आन्दोलन गर्दै आएको संघीय लोकतान्त्रिक मोर्चाबीचको सहमतिले निर्वाचनका लागि थप माहोल सिर्जना गऱ्यो । यसबाट सरकार र राजनीतिक दलहरुका लाीग निर्वाचनका सन्दर्भमा मधेशमा देखिएको मुख्य चूनौती समाप्त भयो । निर्वाचन आयोगले निर्वाचनको कार्यतालिका सार्वजनिक गरेपछि मुख्य राजनीतिक दलहरु झनै ताते । उनीहरुले निर्वाचनका लागि आन्तरिक तयारीलाई व्यापकता दिए । सरकार र आन्दोलनरत दलहरुसँग असन्तुष्ट हुँदै आएको नेकपा माओवादी नेतृत्वको ३३ दलिय मोर्चासँग सहमतिका लागि भएका प्रयास भने परिणामदायी हुन सकेनन् । समग्रमा पहिलेको तुलनामा निर्वाचनको वातावरण अनुकुल बनेपनि ३३ दलीय मोर्चासँग सहमति हुन नसक्दा मंसीरको निर्वाचनका विषयमा भने ढुक्क हुने वातावरण बनेन ।

## मोर्चासँगको सहमति

जारी राजनीतिक प्रकृयाप्रति असन्तुष्ट रहेका राजनीतिक दलहरुसँग वार्ता गरी सहमति कायम गर्न भन्दै उच्चस्तरीय राजनीतिक समिति सक्रिय भयो । साउन २१ गते बसेको उच्चस्तरीय राजनीतिक समितिको बैठकले आन्दोलनमा रहेका संघीय लोकतान्त्रिक मोर्चा, संघीय समाजवादी पार्टी र नेकपा माओवादीले नेतृत्व गरेको ३३ दलको मोर्चासँग छुट्टा-छुट्टै वार्ता गर्ने निर्णय गऱ्यो । साउन २९ गते संघीय लोकतान्त्रिक मधेशी मोर्चासँग भएको वार्तामा उच्चस्तरीय समिति लचिलो रुपमा प्रस्तुत भयो । जसमा समानुपातिकको प्रतिशत ५८ पुऱ्याउने समझदारी भयो । जबकी यसअघि माओवादी, काँग्रेस, एमाले र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच ५० प्रतिशत समानुपातिक पुऱ्याउने सहमति भएको थियो । यसैगरी २५ बुँदे बाधा अड्काउ फुकाउ आदेश संशोधन गर्ने, मतदाता नामावली संकलन गर्न समय थप्ने, उच्चस्तरीय राजनीतिक समिति निष्कृय बनाउनेबारे पनि मुख्य दलहरु सकारात्मक देखिए । तर, निर्वाचन क्षेत्र बढाउनुपर्ने र प्रधानन्यायाधीशबाट मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले राजीनामा दिने विषयमा भने मुख्य दलहरु लचिलो भएनन् ।

साउन ३१ गते उच्चस्तरीय राजनीतिक समिति र संघीय लोकतान्त्रिक मोर्चाबीच पुनः वार्ता भयो । जसमा ६ बुँदे सहमति भयो । राती १ बजेसम्म चलेको बैठकमा संविधानसभाको निर्वाचन मंसीर ४ गते नै गर्ने सहमति भयो । यसका लागि समानुपातिक तर्फको सिट संख्या ३ सय ३५, प्रत्यक्ष २ सय ४० र मन्त्रिपरिषद्ले मनोनित १० गरी ५ सय ८५ सदस्यीय संविधानसभा बनाउने लगायतका सहमति भयो । काँग्रेस नेता अर्जुननरसिंह केसीका अनुसार 'मोर्चाले उच्चस्तरीय राजनीतिक समिति विघटनको माग गरेपनि लामो वार्तापछि विस्तार गर्ने सहमति भएको'[1] थियो । यसले निर्वाचनका लागि थप माहोल तयार पाऱ्यो । मोर्चासँग भएको सहमति कार्यान्वयनका लागि अन्तरिम संविधान संशोधन गर्नुपर्ने भयो । त्यसका लागि पनि मुख्य दलहरु तयार भए । उनीहरुले मंसिर ४ गतेको निर्वाचनलाई प्राथमिकता दिँदै अन्य असन्तुष्ट दलहरुसँगको वार्तालाई पनि प्राथमिकता दिए । मुख्य राजनीतिक

---

[1] पाठक, तिलक । ३२ साउन, २०७० । उपेन्द्र मोर्चा चुनावमा राजी । नागरिक दैनिक, पृ. १ ।

दलहरुले संघीय समाजवादी पार्टीसँग पनि पटक-पटक वार्ता गरे । तर, वार्ता सकारात्मक भएको भनिए पनि निष्कर्षमा पुग्न भने सकेन ।

## ३३ दलिय मोर्चासँग वार्ता

उच्चस्तरीय समिति नेकपा माओवादीले नेतृत्व गरेको ३३ दलिय मोर्चासँग वार्ता गर्न पनि सक्रिय भयो । यसअघि माओवादीले भाषागत रुपमा आपत्ति जनाउँदै आएकोमा यस पटक उच्चस्तरीय समितिले माओवादीले भने अनुसार शर्त नराखी वार्ताका लागि आह्वान गर्दै पत्र लेख्यो । जसमा 'मुलुकका समस्या वार्ता, संम्वाद र छलफलबाट समाधान हुनेमा नेपाल सरकार विश्वस्त रहेकोले तहाँको मिति २०७०।४।१९ को पत्रमा उल्लेख भएअनुसार सो पार्टी सम्बद्ध ३३ दलीय मोर्चालाई वार्ताको लागि पुनःआमन्त्रण गरिएको छ'[2] भनिएको थियो । त्यसलाई ३३ दलिय मोर्चाले सकारात्मक भनी प्रतिक्रिया दियो । निर्वाचनको वातावरण बनाउने नेपाली काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा पनि सक्रिय भए । उनले माओवादीका अध्यक्ष मोहन बैद्यसँग वार्ता गरी निर्वाचनमा आउन आग्रह गरे । काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले पनि माओवादी अध्यक्ष मोहन बैद्य र सचिव नेत्रविक्रम चन्दसँग वार्ता गरे । साउन २६ गते भएको वार्तामा पौडेलले निर्वाचनमा आउन जोड दिए । उता, माओवादी नेताहरुले भने संविधानका अन्तर्वस्तुमा जोड दिए ।

## चुनावी वार्ता

| मिति | कसले निर्णय गरेको ? | के निर्णय ? |
|---|---|---|
| १८ साउन | ३३ दलीय मोर्चा | सरकारसँग वार्तामा बस्ने नीतिगत निर्णय । तर ३३ दललाई स्पष्ट रुपमा सम्बोधन गर्नुपर्ने माग । |
| २२ साउन | उच्चस्तरीय समिति र ३३ दलीय मोर्चाबीच वार्ता | १८ बुँदे माग पेश |
| २४ साउन | सरकार | ३३ दलीय मोर्चालाई सम्बोधन गरी वार्ताका लागि आह्वान |
| २४ साउन | नेकपा माओवादी | निशर्त रुपमा गरिएको वार्ताको आह्वानप्रति सकारात्मक |
| २६ साउन | कांग्रेस र नेकपा माओवादी बैठक | संविधानका अन्तर्वस्तुमा छलफल गर्ने माओवादीको प्रस्ताव । |
| २६ साउन | ३३ दलीय मोर्चाको बैठक | सरकारबाट प्राप्त पत्र सकारात्मक । दुवै पक्षको सहमतिमा वार्तामा बस्ने निर्णय । आन्दोलन सम्बन्धी प्रस्ताव अनुमोदन । |
| ३२ साउन | सरकार र नेकपा माओवादीको ३३ | राष्ट्रिय सहमति कायम गर्नका लागि सहजकर्ताको भूमिका निर्वाह गर्न सरकारलाई मोर्चाको आग्रह |

[2] गृहमन्त्री तथा मन्त्रिपरिषद् परामर्श तथा समन्वय समितिका संयोजक माधवप्रसाद घिमिरेले नेकपा माओवादीलाई २०७० साल साउन २४ गते पठाएको पत्र ।

| | | |
|---|---|---|
| | दलिय मोर्चाको वार्ता | |
| ६ भदौ | चार दल र ३३ दलीय मोर्चाबीच वार्ता । | गोलमेच सम्मेलनमा जाने सैद्धान्तिक सहमति । |
| ८ भदौ | चार दल र ३३ दलीय मोर्चाबीच वार्ता । | ३३ दलीय मोर्चाद्वारा चुनाव चैत्रमा सार्नुपर्ने लगायतका प्रस्ताव । समितिद्वारा अस्वीकार । वार्ता असफल । |
| ८ भदौ | ३३ दलीय मोर्चा | चार दलका नेताहरुले गोलमेच सम्मेलन गर्ने सहमतिलाई उल्लघंन गरेको आरोप । सो निर्णय पुनर्विचार गर्न आग्रह । |
| १२ भदौ | ३३ दलीय मोर्चा | बन्द सहितका आन्दोलनका कार्यक्रम सार्वजनिक |
| १३ भदौ | ३३ दलीय मोर्चा | सबै राजनीतिक दलहरुको बीचमा गोलमेचसभा गर्न र राष्ट्रिय सहमति कायम गर्न राष्ट्रप्रमुखको हैसियतले सहजकर्ताको भूमिका निर्वाह गर्न आग्रह । |

माओवादी नेतृत्वको मोर्चासँग वार्ता गर्न सरकार पनि सक्रिय रुपमा लाग्यो । साउन ३२ गते सरकार र ३३ दलीय मोर्चाबीच वार्ता भयो । वार्तामा मोर्चाले 'चुनावको विधि र प्रकृया बारे सरकारसँग र संविधानका अन्तर्वस्तुबारे उच्चस्तरीय राजनीतिक समितिमा रहेका दलहरुसँग सहमति जुटाएर निर्वाचनमा भाग लिने प्रतिबद्धता जनायो ।'[3] शर्त राखेको भएपनि माओवादी नेतृत्व वार्तामा बस्ने र चुनावका लागि प्रतिवद्धता जाहेर गर्नु ठूलै कुरा थियो ।

साउन २८ गते बसेको उच्चस्तरीय समितिको बैठकमा विरोधमा रहेका दलहरुले राखेका मागमध्ये पूरा गर्न सकिने र नसकिने मागबारे बैठकमा छलफल भयो । बैठकले संविधानसभा निर्वाचनको विरोध गरिरहेका दलहरुका बारेमा दुई दिनभित्र ठोस निष्कर्षमा पुग्ने निर्णय गर्‍यो ।[4] त्यसैगरी संविधानसभाको सदस्य संख्या ६०१ मै फर्किने, उच्चस्तरीय राजनीतिक समिति पुनर्गठन गर्न सकिने, मतदाता नामावलीको समय थप गर्न सकिने, सरकारको आकार बढाउने र गोलमेच सम्मेलन जस्ता माग पूरा गर्न समितिमा रहेका दलहरु तयार भए । तर, सरकार परिवर्तत, निर्वाचनको मिति सार्ने, निर्वाचन कार्यक्रम स्थगन र निर्वाचन क्षेत्र बढाउने माग पूरा गर्न नसकिने समितिको निर्णय थियो ।[5] साउन २९ गते सरकारी वार्ता टोली र ३३ दलीय मोर्चाबीच वार्ता भयो । जसमा मोर्चाले उच्चस्तरीय राजनीतिक समितिलाई बुझाएको १८ बुँदे माग सरकारी वार्ता टोलीलाई बुझायो । सरकारले 'निर्वाचनलाई सहमतिको बिन्दु बनाएर आउन'[6] ३३ दलीय मोर्चालाई आग्रह गर्‍यो । मोर्चाले भने '२५ बुँदे बाधा

[3] तिमल्सिना, प्रकाश । १ भदौ २०७० । बैध मोर्चा पनि चुनाव लड्न तयार । नागरिक, पृ. १ ।

[4] बैठकपछि  पत्रकारसँग कुरा गर्दै एकीर्कत नेकपा माओवादीका नेता नारायणकाजी श्रेष्ठले दिएको जानकारी । साउन २८, २०७० ।

[5] अधिकारी, बालकृष्ण । २९ साउन, २०७० । बैद्य सहित असन्तुष्टलाई तीन दिन म्याद । नागरिक दैनिक, पृ.१ ।

[6] वार्तापछि सरकारका प्रवक्ता माधव पौडेलले दिएको जानकारी । साउन २९,२०७० ।

अड्काउ फुकाउ आदेश खारेज गरी निर्वाचनको मिति सार्नुपर्ने'[7] अडान राख्यो । सरकारी वार्ता टोलीले ३३ दलीय मोर्चालाई अर्को वार्ताका लागि मोर्चाको तर्फबाट सानो कार्यदल बनाएर आउन आग्रह गर्‍यो ।

दलिय आरोप

| माओवादी | काँग्रेस | एमाले | नेकपा माओवादी | तराई मधेश लोकतान्त्रिक पार्टी |
|---|---|---|---|---|
| टुप्पीदेखि पैतलासम्म बद्मान मधेसवादीसँग मिलेर सरकार बनायौं- अध्यक्ष पुष्पकमल दाहाल ।<br><br>बैद्यहरु चुनावमा आउँदैनन-अध्यक्ष पुष्पकमल दाहाल | बैद्य पक्ष चुनाव चाहदैन-सभापति सुशील कोइराला<br><br>चुनाव विरोधी दल नआए पनि निर्वाचन रोकिँदैन- शेर वहादुर देउवा, वरिष्ठ नेता नेपाली काँग्रेस | बाकसमा मुङ्ग्रो बजारेर लोकतन्त्र समाप्त हुन्न-स्थायी समिति सदस्य केपी शर्मा ओली | दाहालले वार्ता भाड्न खोजे-<br><br>अध्यक्ष मोहन बैद्य | बैद्यले विरोध गर्दैमा चुनाव रोकिन्न- अध्यक्ष महन्थ ठाकुर |

वार्तामा मुख्य दलहरुले निर्वाचनमा आउने प्रतिवद्धता जनाए मंसिर ४ गतेका लागि तोकिएको निर्वाचनको मिति तलमाथि गर्न सकिने बताए । समितिका संयोजक पुष्पकमल दाहालले मोर्चासँगको बैठकमा 'तपाईंहरुको चुनावी मितिमा मात्रै आपत्ति हो भने त्यसलाई यताउति गर्न'[8] सकिन्छ भनेका थिए । भदौ ३ गते सरकार र ३३ दलीय मोर्चाबीच दोस्रो पटक वार्ता भयो । वार्तामा दुई पक्षबीच सहमति हुन सकेन । माओवादीसहितको मोर्चाले चुनाव सार्न आग्रह गर्‍यो भने सरकारले मंसीर ४ गते हुने निर्वाचनमा सहभागी हुन आग्रह गर्‍यो । सोही दिन माओवादी अध्यक्ष पुष्पकमल दाहालले जनकपुरमा आयोजित सभामा चुनाव तोकिएकै मितिमा हुने दाबी गरे भने नेकपा माओवादीका उपाध्यक्ष सीपी गजुरेलले जनकपुरमै भएको अर्को कार्यक्रममा मंसीर ४ मा चुनाव हुन नसक्ने ठोकुवा गरे । यस्तै पोखरामा पत्रकार सम्मेलन गर्दै एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले 'बैद्यलाई मुख्य शक्ति नमान्नु कमजोरी'[9] भएको बताए । उता, भरतपुर विमानस्थलमा पत्रकारसँग कुरा गर्दै मधेशी

[7] वार्तापछि नेकपा माओवादीका सचिव देव गुरुङले दिएको जानकारी । साउन २९, २०७० ।

[8] तिमल्सिना, प्रकाश । ३१ साउन, २०७०। चुनाव सार्न चार दल तयार । नागरिक दैनिक, पृ.१ ।

[9] बैद्यलाई मुख्य शक्ति नमान्नु कमजोरी । ४ भदौ, २०७० । अन्नपूर्ण पोष्ट, पृ.१ ।

जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदारले 'चुनाव कसैले बिथोल्न नसक्ने'[10] दाबी गरे ।

उच्चस्तरीय राजनीतिक समिति र मोर्चाबीच गोलमेच सम्मेलनमा जाने सहमति भयो । तर भदौ ८ गते दुई पक्षबीच भएको वार्तामा मोर्चाले ५ बुँदे प्रस्ताव पेश गरेपछि समितिले सो प्रस्ताव स्वीकार गरेन । त्यसपछि गोलमेच सम्मेलनमा जाने सहमति बिथोलियो । समितिले 'मंसिर ४ को चुनावप्रति मोर्चा सकारात्मक नदेखिएकाले गोलमेच प्रकृयामा जान नसकिएको'[11] प्रतिक्रिया दियो । गोलमेच रोकिएपछि समितिले माओवादी नआएपनि मंसिर ४ मै चुनाव गर्ने दृढता व्यक्त गऱ्यो । समितिमा रहेका दलहरुले 'नेकपा माओवादी नआएपनि निर्धारित मितिमै निर्वाचन भइछाड्ने'[12] बताए । माओवादी अध्यक्ष पुष्पकमल दाहालले 'गोलमेचलाई नै संविधानसभा बनाउन खोजियो, त्यो त मंसिर ४ मा हुने निर्वाचनलाई सहज बनाउन मात्र गर्न लागेको' बताए । यस्तै काँग्रेस सभापति सुशील कोइरालाले 'मंसिर ४ का लागि तय भएको निर्वाचनलाई विवादमा नपारौं, मिति परिवर्तन नगर्ने सर्तमा मात्रै हामी गोलमेचका लागि सकारात्मक भएका थियौं' भन्ने प्रतिक्रिया दिए । एमाले अध्यक्ष झलनाथ खनालले '३३ दलीय मोर्चाले ल्याएको प्रस्ताव नेपाली चाहनाविपरित र राष्ट्रको आवश्यकता विपरित भएकाले तोकिएकै मितिमा चुनाव हुने र गोलमेच सम्मेलन नहुने'[13] बताए । त्यसपछि वार्ताको वातावरण एकाएक बिथोलियो । मोर्चाले राष्ट्रपतिलाई भेटी वार्ताका लागि वातावरण बनाउन भूमिका निर्वाह गर्न आग्रह गऱ्यो । हुन त दलहरुले 'वार्ताका लागि ढोका ढोका बन्द नभएको' प्रतिक्रिया दिएपनि यो वार्तापछि सहमतिको संभावना टऱ्यो ।

## पार्टीको आन्तरिक तयारी

निर्वाचनलाई लिएर गरिएका सबै वार्ता सफल नभएपनि दलहरुले तयारीलाई बढाइरहे । उनीहरुले उमेदवार र निर्वाचन घोषणापत्र तयारीको कामलाई अघि बढाए । काँग्रेसले घोषणापत्रमा 'तराईमा ३ र पहाडमा ४ गरी सात प्रदेश सहितको राज्य पुनर्संरचना प्रस्ताव'[14] बारे छलफल गऱ्यो । काँग्रेसले भदौ २० गतेसम्म उमेदवार सिफारिस गर्न निर्वाचन क्षेत्रिय समितिलाई निर्देशन दियो । यस्तै सभापति सुशील कोइरालाको संयोजकत्वमा आर्थिक कोष समिति र उपसभापति रामचन्द्र पौडेलको संयोजकत्वमा घोषणापत्र तयारी समिति[15] गठन गऱ्यो । काँग्रेसले निर्वाचनका बेला चन्दा रकमलाई पारदर्शी बनाउन बैंकमार्फत लिने निर्णय गऱ्यो । भदौ ६ गते बसेको एमाले स्थायी समितिको बैठकले

[10] चुनाव कसैले बिथोल्न सक्देन । ४ भदौ, २०७० । अन्नपूर्ण पोष्ट, पृ.१ ।

[11] बस्नेत, बालकृष्ण । ९ भदौ, २०७० । वार्ता विफल, गोलमेच प्रकृया रोकियो, पुनर्विचार होस् : बैद्य । कान्तिपुर, पृ.१ ।

[12] न्यौपाने, कुलचन्द्र । (९ भदौ, २०७०) माओवादी नआएपनि मंसिरमै चुनाव, कान्तिपुर, पृ.१ ।

[13] पाठक, तिलक । ९ भदौ, २०७० । प्रमुख दलहरुले भने बेद्य बिनै चुनावमा । नागरिक, पृ.१ ।

[14] न्यौपाने, कुलचन्द्र । १३ भदौ, २०७० । काँग्रेसमा ७ प्रदेशको प्रस्ताव । कान्तिपुर, पृ १ ।

[15] सापकोटा, रमेश । २ भदौ, २०७० । काँग्रेस निर्वाचन तयारीमा होमियो । नयाँ पत्रिका, पृ.१ ।

२५ गतेभित्र उमेदवार छनोट गरी केन्द्रीय कार्यालयमा सिफरिस गर्न मातहतका कमिटिलाई निर्देशन'[16] दियो ।

चुनावी मुद्दा र प्रस्ताव

| मिति | एनेकपा माओवादी | नेपाली कांग्रेस | एमाले | मधेशी मोर्चा | अन्य |
|---|---|---|---|---|---|
| भदौ १ | मिलेर निर्वाचनमा जान बैद्यलाई प्रस्ताव | | | | |
| भदौ ५ | | | मधेश केन्द्रित अभियान चलाउने | | |
| भदौ ७ | | समानुपातिकमा ५ र प्रत्यक्षमा तीन उमेद्वारको नाम सिफरिस गर्न क्षेत्रीय समितिलाई निर्देशन | | | |
| भदौ १२ | | ७ प्रदेशको प्रस्ताव | | | |
| भदौ १३ | | ७ प्रदेशको प्रस्ताव पारित | | | |

दलहरुले आन्तरिक रुपमा मूल्याकन गर्नुका साथै निर्वाचन अभियान पनि अघि बढाउने निर्णय गरे । एमाओवादीले 'तराईमा बढाउने, पहाड र हिमालमा नगुमाउने' निष्कर्ष निकाल्यो । यस्तै काँग्रेसले 'जनमत आफ्नै पक्षमा' भएको दाबी गर्‍यो । एमालेले 'घरघरै पुग्ने' जनायो ।[17] एकल जातीय पहिचान

[16] एमाले स्थायी समिति बैठक उमेद्वार छान्न मातहतलाई निर्देशन । ७ भदौ, २०७० । नागरिक, पृ.१ ।

[17] दलहरुका आ आफ्नै दाबी । १० भदौ, २०७० । कान्तिपुर, पृ.१ ।

सहितको संघीय संरचनाको वकालत गर्दै आएका एकीकृत नेकपा माओवादीका नेता बाबुराम भट्टराईले 'बहुजातीय' संघीयता ठीक हुने बताए । उनले 'कुनै पनि जातीको बहुमत नभएको, तर राष्ट्रियता भने एकल नै हुने हुँदा आवश्यकता अनुसार भौगोलिक आधार, भाषा संस्कृति र इतिहासका आधारमा संघीयता हुन सक्ने'[18] स्पष्ट पारे ।

## निर्वाचन आयोग

साउन १७ गते निर्वाचन आयोगले असोज १० मा उमेदवारी दिनुपर्ने र मंसीर ४ गते मतदान हुने गरी निर्वाचन कार्यतालिका सार्वजनिक गर्‍यो । आयोगले कार्यतालिका सार्वजनिक गरेकै दिन उच्चस्तरीय राजनीतिक समितिका संयोजक समेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल र मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीबीच बालुवाटारमा भएको भेटमा रेग्मीले मंसीरमा निर्वाचन जसरी पनि हुने भएकाले गाउँसम्म माहोल बनाउन दाहाललाई आग्रह गरे । आयोगले सरकारलाई निर्वाचन आचारसंहिता कडाइका साथ कार्यान्वयन गर्न ध्यानाकर्षण गरायो । आयोग पदाधिकारी बालुवाटार पुगी मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीलाई भेटेर दल र सरकारी निकायबाटै आचारसंहिता उल्लङ्घन भएको भन्दै कडाइ गर्न आग्रह गरे ।[19]

भदौ ४ गते बसेको उच्चस्तरीय राजनीतिक समितिको बैठकले मतदाता नामावली संकलन पुन एक हप्ता थप गर्न निर्वाचन आयोगलाई आग्रह गर्ने निर्णय गर्‍यो । बैठकपछि सुशील कोइराला र झलनाथ खनाल निर्वाचन आयोग पुगेर म्याद थप्न आग्रह गरे । तर, आयोगले अब थप गरिए निर्वाचन कार्यतालिकामा प्रभाव पर्ने जनाउँदै प्रस्ताव अस्वीकार गर्‍यो । प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले 'मंसिर ४ मै चुनाव गराउन प्रतिबद्ध हो भने कार्यतालिका यताउता गर्न नहुने'[20] जवाफ दिए ।

## सरकार र सुरक्षा

सरकारले आफूलाई संविधानसभाको निर्वाचनप्रति प्रतिबद्ध भएको रुपमा प्रस्तुत गर्‍यो । मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले 'संविधानसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, अधिकारिक र सहभागितामूलक बनाई सम्पन्न गर्नकै लागि वर्तमान सरकार निर्माण भएको र यही कार्यमा सरकार निरन्तर लागिपरेको'[21] बताए । जारी राजनीतिक प्रक्रियाप्रति असन्तुष्ट दलहरु पनि सहमतिमा आउने विश्वास व्यक्त गर्दै रेग्मीले भने, 'अहिले निर्वाचन प्रक्रियाप्रति केही राजनीतिक दलहरुको पृथक धारणा रहेकोमा त्यस्तो पृथक धारणा राख्ने राजनीतिक दलहरुलाई निर्वाचन प्रक्रियामा सहभागी हुनका लागि आह्वान गर्दै

[18] एकल जातीय संघीयता हुँदैन : भट्टराई । ३१ साउन, २०७० । नागरिक दैनिक

[19] सरकारलाई आयोगको ध्यानाकर्षण । २१ साउन, २०७० । नयाँ पत्रिका दैनिक, पृ.१ ।

[20] अधिकारी, वालकृष्ण । ५ भदौ, २०७० । मतदाता म्याद थपे मिति सर्छ । नागरिक, पृ.१ ।

[21] मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले २०७० साल साउन २७ गते सामुदायिक रोडियो प्रसारक संघ नेपालको पाँचौ अधिवेशनमा गरेको सम्बोधन ।

प्रमुख राजनीतिक दलहरुले गरिरहनुभएको समन्वय र वार्ताबाट चाँडै सकारात्मक नतिजा प्राप्त हुनेछ भन्ने मेरो विश्वास रहेको छ ।'[22]

निर्वाचनको मिति नजिकिदै गर्दा सरकारले सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउने पहल गर्‍यो । त्यतिमात्र होइन, एक चरणमा गर्ने कि दुई भन्नेमा पनि छलफल चलायो । र, सरकार दुई चरणमा निर्वाचन गर्ने निष्कर्षमा पुग्यो । प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका क्षेत्रीय सुरक्षा प्रमुख सहित तीन वटै निकायका प्रमुख र उच्चपदस्थ अधिकारीसँग भएको साउन १७ गतेको छलफलपछि सरकार यस्तो निष्कर्षमा पुगेको हो ।[23] त्यस अतिरिक्त निर्वाचनमा सेना परिचलान गर्ने कुरा पनि उठ्यो । 'निर्वाचन प्रक्रियाप्रति असहमत ठूलो समूह बाहिरै रहने भएपछि सरकार सेना परिचालनको निष्कर्षमा पुगेको'[24] हो ।

## चुनावी तालमेल

एकीकृत नेकपा माओवादी नेतृत्वको संघीय लोकतान्त्रिक गठबन्धनको बैठकले चुनावसम्म नै तालमेल गर्दै जाने निर्णय गरेर आफ्नो पक्ष बलियो बनाउन खोज्यो । उनले माओवादीसँग मिलेर जानेबारे कुरा भएको बताए । चुनावी अभियान अन्तर्गत ललितपुरको च्यासलमा भएको कार्यक्रममा दाहालले भने 'पहिला जो जो चुनिएका थिए उनैलाई टिकट दिएर जाऔं, मिलौं पनि भने । चुनाव सारे भाग लिन्छौं भन्नुभयो । मैले पार्टी एकता गर्ने हो भने चुनाव सार्ने पहल गर्ने बताएँ तर उहाँले मान्नुभएन ।'[25] त्यसपछि पनि उनले बेला बेलामा माओवादीसँग चुनावी तालमेल र पार्टी एकताको कुरा गरे । राजधानीको कपनमा भएको चुनावी सभालाई सम्बोधनका क्रममा दाहालले बैद्यलाई चाहिने जति सिट छोडिदिने प्रस्ताव समेत गरे । 'बैद्यजीहरु कहाँ-कहाँ उठ्ने हो हामी समर्थन गर्न तयार छौं, आउनुहोस मिलेर जाऊँ'[26], उनले भने ।

उता, तराई मधेशमा केन्द्रीत दलहरुले पनि तालमेलबारे कुरा चलाए । फोरम लोकतान्त्रिक, तराई मधेश लोकतान्त्रिक पार्टी र सद्भावना पार्टीबीच 'मधेशका २२ जिल्लामा तालमेल गर्ने'[27] बारे छलफल भयो । यस्तै तराई मधेश केन्द्रित ६ वटा साना दलले संविधानसभा निर्वाचनका लागि संघीय मधेशी मोर्चा गठन गरे । मोर्चामा जनतान्त्रिक तराई मधेश मुक्ति टाइगर, नेपाल सद्भावना पार्टी (गजेन्द्रवादी), युनाइटेड नेपाल रिपब्लिकन पिपुल्स पार्टी, युनाइटेड फोरम नेपाल, डेमोक्रेटिक रिपब्लिकन पार्टी र जनता दल लोकतान्त्रिक पार्टी छन् ।[28]

---

[22] मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले २०७० साल साउन २७ गते सामुदायिक रोडियो प्रसारक संघ नेपालको पाँचौ अधिवेशनमा गरेको सम्बोधन ।

[23] अधिकारी, सरोज । १८, साउन, २०७० । दुई चरणमा बढी सुरक्षित । कान्तिपुर, पृ.१ ।

[24] अधिकारी, सरोजराज । १५ भदौ, २०७० । चुनावी सुरक्षा सेनाको नेतृत्वमा । कान्तिपुर, पृ.१ ।

[25] बैद्य पार्टीमा आए तयार । २८ साउन २०७० । अन्नपूर्ण पोष्ट, पृ.१ ।

[26] मिलेर निर्वाचनमा जान बेद्यलाई प्रचण्ड प्रस्ताव । २ भदौ, २०७० । नयाँ पत्रिका, पृ. १ ।

[27] शर्मा, भुवन । १३ भदौ, २०७० । ११६ सिटमा तालमेल गर्दै तीन मधेशी दल । नयाँपत्रिका, पृ.१ ।

[28] ६ दलको चुनावी मोर्चा । २० साउन २०७० । नागरिक, पृ.१ ।

## विदेशी चासो

निर्वाचनका लागि विदेशी चासो बढ्यो । मूलत विदेश भ्रमण र विदेशीहरुसँगको भेटमा नेताहरुले संविधानसभाको निर्वाचनबारे कुरा भएको र त्यसमा सकारात्मक प्रतिक्रिया पाएको बताए । साउन २० गते भारत भ्रमणका लागि प्रस्थान गर्ने क्रममा काँग्रेस सभापति कोइरालाले भारतसँग चुनावमा 'भारतको सहयोग र सद्भावको कुरा हुने'[29] बताए । भारत पुगेपछि काँग्रेस आइकी अध्यक्ष सोनिया गान्धीसँगको भेटघाटमा नेपालमा ६/७ प्रदेश बन्ने बताएका थिए । कोइरालाका अनुसार सोनिया गान्धीले मुलुकको आर्थिक सामर्थ्यका आधारमा थोरै संघीय प्रदेशमा सहमति जनाउनु उपयुक्त हुने'[30] सुझाव दिएकी थिइन् । अमेरिका भ्रमणमा रहेका एमाले अध्यक्ष झलनाथ खनालसँगको भेटमा संयुक्त राष्ट्रसंघका महासचिव वान कि मुनले 'प्रजातन्त्रमा निर्वाचनको ठूलो महत्व हुने चर्चा गर्दै नेपालमा संविधानसभाको आगामी निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गरे ।[31]

## हिंसाका घटना

यस अवधिमा राजनीतिक हिंसा तथा अराजकतालाई बढवा दिने केही गतिविधि भए । लिम्बुवान राज्य हुनुपर्ने माग गर्दै राष्ट्रिय जनमुक्ति पार्टीले पूर्वका नौ जिल्ला बन्द गऱ्यो । साउन १७ गते नुवाकोटमा नेकपा माओवादीसहितको मोर्चाले निर्वाचनको विरोध गर्दै आचार संहिता जलायो । उता, साउन १९ गते हुँदै गरेको माओवादी भ्रातृ संगठन वाइसीएलको जिल्ला सम्मेलनका लागि जर्बजस्ती चन्दा मागेको आरोपमा आफ्ना कार्यकर्ता गिरफ्तार परेपछि वाइसीएलले साउन १६ गते बिहान दुई घण्टा चितवन जिल्ला बन्द गऱ्यो । 'व्यापारीसँग जर्बजस्ती चन्दा मागेबापत् आफ्ना कार्यकर्ता समातिएपछि रिहाइको माग गर्दै विरोधमा उत्रेका वाइसीएल कार्यकर्ताले प्रहरीमाथि हातपात गरे ।'[32] यस्तै पर्यटकलाई कुटपीट गरेको आरोपमा आफ्ना नेता तथा कार्यकर्ता पक्राउ परेको विरोधमा नेपाल तरुण दलले पनि चितवन बन्द आयोजना गऱ्यो ।[33] प्रहरीले तरुण दल भरतपुर नगर समितिका उपाध्यक्ष प्रमेश राई र नेविसंघका जिल्ला सदस्य यमबहादुर कार्कीलाई पक्राउ गरेको थियो । नेकपा माओवादीले जाजरकोटमा 'चुनाव बहिस्कार अभियानको सहयोगार्थ चन्दा असुली'[34] शुरु गऱ्यो । उनीहरुले झापामा चुनाव विरुद्ध मार्चमास पनि गरे । 'जनस्वयसेवक नेपालको अगुवाईमा हातमा लाठी लिएका एक हजार भन्दा बढीले शहरको मुख्य भागमा निर्वाचन विरोधी नारा'[35] लगाएका थिए ।

---

[29] चुनावको, भारतको सहयोग र सदभावको कुरा हुन्छ : कोइराला । २१ साउन, २०७० । नयाँ पत्रिका, पृ.१ ।

[30] भट्टराई, देवेन्द्र । २३ साउन, २०७० । सामर्थ्यका आधारमा संघीयता । कान्तिपुर, पृ.१ ।

[31] **चुनावी प्रक्रिया रोकिन हुन्न : महासचिव मुन । साउन १८, २०७० । नागरिकन्यूज डटकम ।**

[32] वाइसीएलद्वारा प्रहरीमाथि आक्रमण । १७ साउन, २०७० ।

[33] भण्डारी, किरण । गुण्डा छुटाउन काँग्रेसको बन्द साउन । **Retrieved August, 29, 2013, from http://setopati.com/blog/3014/**

[34] केसी, जनक ।साउन १९, २०७० । चुनाव बहिस्कारका लागि चन्दा असुल्दै माओवादी । नागरिकन्यूज डटकम ।

[35] अधिकारी, राजु । भदौ ११, २०७० । चुनाव विरुद्ध वैद्य माओवादीको मार्चपास । नागरिक न्यूजडटकम ।

नेकपा एमालेको एउटा पक्षले पार्टीको युवा दस्ता युथ फोर्सलाई ब्यूँताएर निर्वाचनमा परिचालन गर्ने निर्णय गऱ्यो । पार्टी अध्यक्ष झलनाथ खनालको निर्देशन विपरित भएको युथ फोर्सको भेलामा महासचिव ईश्वर पोखरेल र सचिव शंकर पोखरेल सहभागि थिए । भेलाले युथफोर्सलाई ब्यूताउने निर्णय गऱ्यो । अध्यक्ष महेश बस्नेतले 'हरेक बुथमा युथ फोर्स परिचालन गरिने'[36] बताए । एमाले युवा संघले हरेक बुथमा एक सय युवा परिचालन गर्ने निर्णय गरेको थियो । उता, बैद्यको युवा स्वयंसेवक ब्यूरोले पनि चुनाव हुन नदिने भन्दै तयारी गऱ्यो । काँग्रेसले पनि निर्वाचनमा पनि सुरक्षा लागि युवा परिचालन गर्ने तयारी गऱ्यो ।

भदौ १२ गते रुकुममा एकीकृत नेकपा माओवादीका कार्यकर्ताले प्रहरीको हतियार खोसे । काँग्रेसका नेता गोपालजी जंग शाहको नेतृत्वको टोलीको सुरक्षाका लागि खटिएको प्रहरीको साथमा रहेको एक थान पेस्तोल खोसेका हुन् । भदौ १५ गते नवलपरासीमा आयोजित कार्यक्रममा नकेपा माओवादीका नेता खडगबहादुर विश्वकर्माले चुनावमा जाने जो सुकैलाई हमला गर्ने चेतावनी दिए । यस्तै १५ भदौमा धरानमा युवा संघ सुनसरीका जिल्ला सदस्य आविस्कार लिम्बुलाई प्रहरीले पक्राउ गरेको विरोधमा युवा संघले धरानमा चक्काजाम गऱ्यो । 'सशस्त्र प्रहरीको हतियार खोसेर भाग्दै गरेका लिम्बुलाई पक्राउ गरी प्रहरीले कारवाही चलाएपछि युवा संघले'[37] विरोध गरेको थियो ।

| मिति | घटना | कस्ले |
|---|---|---|
| १६ साउन | चितवन बन्द | वाइसिल |
| २२ साउन | अरुण पूर्वका नौ जिल्ला बन्द | राष्ट्रिय जनमुक्ति पार्टीले अरुण पूर्वका नौ जिल्ला बन्द । शाहवंशले लिम्बुवान राज्य खोसेको विरोधमा पार्टीले पाँच वर्षदेखि साउन २२ मा बन्द गर्दै आएको छ । |
| २४ साउन | चितवन बन्द | नेपाल तरुण दल |
| भदौ १५ | धरान बन्द | युवा संघ |

## टुंगियो सेना समायोजन

२०६३ साल मंसिर ७ गतेदेखि शुरु भएको शान्ति प्रक्रिया अर्न्तगतको सेना समायोजन भदौ १० गते औपचारिक रुपमा सम्पन्न भयो । माओवादी लडाकूबाट राष्ट्रिय सेनामा समायोजन भएका ७० जना

[36] खड्का अमर १ भदौ २०७०, युथ फोर्स ब्युँत्याउने निर्णय, नागरिक पृ.१ ।

[37] डन पक्राउको विरोधमा युवासंघको चक्काजाम ।१५ भदौ २०७० । http://www.onlinekhabar.com/2013/08/110613/

पूर्व लडाकुले नौ महिनाको तालिमपछि उपसेनानी दर्ज्यानी प्राप्त गरे । यसअघि र यससँग गरी माओवादीका १४ सय २२ पूर्व लडाकू नेपाली सेनामा समायोजन भए । अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले 'द्वन्द्वको शान्तिपूर्ण रुपान्तरण गरी शान्ति प्रक्रियासंग जोडिएको सेना समायोजनको महत्वपूर्ण कार्य सफलतापूर्वक सम्पन्न हुनु सबैका लागि सन्तोषको विषय भएको'[38] बताए । सेना समायोजन सकिएकोमा खुशी व्यक्त गर्दै संयुक्त राष्ट्रसंघका महासचिव वान कि मुनले यसलाई 'शान्ति प्रक्रियाको ऐतिहासिक चरण समापन भएको सुचक'[39] भन्ने प्रतिक्रिया दिए ।

## अधिकारी प्रकरण

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले गृहमन्त्री माधवप्रसाद घिमिरेलाई आयोगको बैठकमा बोलाइ गोरखा जिल्ला फुजेल गाविसका कृष्णप्रसाद अधिकारीको हत्या सम्बन्धी अनुसन्धान प्रक्रिया तत्काल अघि बढाउन आग्रह गरे । गृहमन्त्री घिमिरेले 'सरकार संवेदनशिल भएको जानकारी गराउँदै उहाँहरु (नन्दप्रसाद र गंगामाया)लाई न्याय दिन हरसम्भव उपाय खोजिरहेको बताए ।'[40] आयोगले छोराको हत्यामा संलग्नलाई कारवाही गर्न माग गर्दै अनसन बसेका बाबु नन्दप्रसाद र गंगामायाको जीवन रक्षाको माग गर्‍यो । सरकारलाई पत्र पठाई 'सत्य निरुपण आयोग गठन हुन बिलम्ब भएको वर्तमान स्थितिमा पीडित पक्षले सत्यसत्य समेत जानकारी गराउन पाउने अधिकारमा सक्रमणकालिन न्यायसम्म पनि बन्देज लाग्ने गरी अनुसन्धान रोक्ने कार्य हुनु संक्रमणकालीन न्याय र कानूनसम्मत नहुने हुँदा तत्काल अनुसन्धान र आवश्यक कारवाही हुनुपर्ने'[41] जानकारी गरायो ।

त्यस्तै 'न्यायको खोजीमा लामो समयदेखि अनसनमा बसिरहेका र त्यसबाट उनीहरुको जीवनको अधिकारमा गम्भीर आघात पर्न जान सक्ने र त्यसको जिम्मेवारीसमेत सरकारले लिनुपर्ने अवस्थाको सिर्जना हुँदै गएको अवस्थाप्रति ध्यानाकर्षण गराउँदै आयोगको निर्णय बमोजिम गरिएको सिफारिसको तत्काल कारवाही गरी त्यसको जानकारी आयोगलाई समेत गराउने हुन'[42] पनि निर्देशन दियो । त्यसप्रति माओवादी नेतृत्वले गम्भीर आपत्ति जनायो । माओवादी अध्यक्ष पुष्पकमल दाहालले द्वन्द्वकालिन मुद्धा ब्यूताउन खोजे विद्रोह हुने चेतावनी दिए । दाहाल र नेता बाबुराम भट्टराईले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटी सो मुद्दा अघि नबढाउन दबाब दिए । भदौ ४ गते प्रेस विज्ञप्ति निकालेर सरकारले भन्यो, 'कानून बमोजिम आवश्यक कारवाही गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट २०७०/४/२८ मा नै गृह मन्त्रालयलाई पत्र लेखी पठाइएको छ भने गृह मन्त्रालयबाट समेत सोही दिन सोही बमोजिम गर्न प्रहरी प्रधान कार्यालयबाट समेत मिति २०७०/४/ २९ मा जिल्ला प्रहरी कार्यालय चितवनमा पठाइसकिएको छ । जिल्ला प्रहरी कार्यालय चितवनबाट उक्त घटनाका सम्बन्धमा छानविन गर्न जिल्ला प्रहरी कार्यालय चितवनबाट उक्त घटनाका सम्बन्धमा

---

[38] मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले नेपाली सेनाद्वारा २०७० साल भदौ १० गते राजधानीमा आयोजित अधिर्कत क्याडेट समायोजन आधार तालिमका अवसरमा गरेको सम्बोधन ।

[39] लडाकू समायोजन सकिएकोमा राष्ट्रसंघ खुशी । भदौ १०, २०७० । नागरिकन्यूज डकक‍म ।

[40] २०७० साल साउन २३ गते राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको प्रेस नोट ।

[41] २०७० साल साउन २८ गते राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई पठाएको पत्र ।

[42] २०७० साल साउन २८ गते राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई पठाएको पत्र ।

छानविन गर्न जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षकके नेतृत्वमा टोली गठन भै कार्य प्रारम्भ भइसकेको छ ।'[43] यस्तै सरकारले अनसन अन्त्य गर्न अधिकारी दम्पत्तिलाई आग्रह गऱ्यो ।

अनसन बसेका अधिकार दम्पत्तिको स्वास्थ्य स्थिति खराब भएको र दोषीलाई कारवाही गर्न दबाब बढेपछि अध्यक्ष रेग्मीले समेत अस्पताल पुगी दोषीलाई कारवाही गर्ने प्रक्रिया अघि बढाइसकेको भन्दै अनसन तोड्न आग्रह गरे । तर, सरकारको आग्रहलाई अधिकारी दम्पत्तिले तत्काल स्वीकार गरेनन् । दोषीलाई कडा कारवाही गर्नुपर्ने उनीहरुको माग थियो । भदौ १३ गते सरकारले अर्को प्रेस विज्ञप्ति निकाली अनुसन्धान जारी रहेको भन्दै अनसन तोडन पुन अधिकारी दम्पत्तिलाई आग्रह गऱ्यो ।

## निष्कर्ष

निर्वाचनका लागि वातावरण बनाउन सरकार र मुख्य राजनीतिक दलहरुले तदारुकता देखाएपनि गोलमेच सम्मेलनको नेकपा माओवादी नेतृत्वको मोर्चाले राखेको प्रस्ताव अस्वीकृत गरेकै कारण वार्ता प्रक्रिया अवरुद्ध हुन पुग्यो । मुख्य दलहरुले मंसिर ४ गतेको निर्वाचनलाई शर्त जस्तै राखे भने नेकपा माओवादी नेतृत्वको मोर्चाले निर्वाचन सार्नुपर्ने कुरालाई आफनो शर्तका रुपमा अघि साऱ्यो । दुवै पक्षले एक अर्कालाई शंका गर्ने वातावरणले सहमति नजिकभन्दा पनि दुरी बढाउन मद्दत पुऱ्यायो । लोकतान्त्रिक मोर्चासँग वार्ता मिले पनि संघीय समाजवादी पार्टी र माओवादी नेतृत्वको मोर्चासँग सहमति हुन नसक्दा निर्वाचनको बारेमा प्रश्न रहिरह्यो । मुख्य दलमा आवद्द नेताहरु नेकपा माओवादी निर्वाचनमा आउँदैन भन्नेमा थिए भने केहीले वार्तामा सहभागी नेकपा माओवादीका अध्यक्ष दाहालले नै माओवादीलाई निर्वाचनमा आउन दिँदैनन भन्ने आशंका गर्दै थिए । उता, नेकपा माओवादी पनि वार्तामा सहमति भइहाल्छ भन्नेमा विश्वस्त थिएन । सहमति हुने सम्भावना कम हुँदा हुँदै पनि दुवै पक्षले वार्तालाई जोड दिनुमा समस्या समाधानभन्दा पनि एक अर्कालाई अलमलयाउनका लागि थियो ।

दलहरुसँग सहमति हुन नसक्दा निर्वाचन आयोगले ढुक्कसँग काम अघि बढाउन पाएन । यस्तै सरकार पनि निर्वाचनका बेला प्रहरीले मात्र सुरक्षा गर्न सक्ने/नसक्ने विषयमा प्रष्ट हुन सकेन । तसर्थ यस अवधिमा दुई चरणमा निर्वाचन गर्ने कि ? सेना परिचालन गर्ने लगायतका विषय पनि छलफलमा आए । निर्वाचनका बेला युवा परिचालन गर्ने राजनीतिक दलहरुको निर्णयले निर्वाचनका बेला शान्ति होइन, झन भय हुने सम्भावनालाई बढायो । नेपाली सेनामा समायोजनमा भएका माओवादीका पूर्व लडाकूहरुले तालिम सकेकाले नेपालमा सात वर्षदेखि विवादको विषय रहेको र शान्ति प्रक्रियाको एउटा हिस्सा ठानिएको सेना समायोजन प्रक्रिया पूर्ण रुपमा सम्पन्न भयो । यसले एकीकृत नेकपा माओवादी र अन्य राजनीतिक दलहरुबीच चल्दै आएको आशंका र द्वन्द्वलाई भने अन्त्य गर्न सहयोग पुऱ्यायो ।

[43] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०७० साल साउन ४ गते जारी गरेको प्रेस विज्ञप्ति ।